★ राष्ट्रियता Nationality ★ लोकतन्त्र Democracy ★ समाजवाद Socialism ★ विद्यार्थी एकता Student's Unity

# नेपाल विद्यार्थी संघ
# NEPAL STUDENTS' UNION
(२०२७ 1970)

केन्द्रीय कार्यालय काठमाण्डौ
Central Office, kathmandu

Ref. No:

मिति :२०८०/०९/११

## प्रेष विज्ञप्ति

पार्टीको प्रमुख संगठित शक्तिको स्रोतका रुपमा स्थापित स्वर्णिम इतिहास बोकेको नेपाल विद्यार्थी संघ आज जटिल परिस्थितिवाट गुज्रिरहेको दुखद परिस्थिति हाम्रो अगाडि छ। नेपाली काँग्रेस पार्टिको नेतृत्व र ने.वि.संघको वर्तमान नेतृत्वको गैरजिम्मेवारी र अकर्मण्यताका कारण गौरवमय इतिहास बोकेको एवं लाखौं विद्यार्थीले भरोसा गरेको संगठन नेपाल विद्याथी संघलाई तदर्थवादबाट चलाइनु र संगठनलाई विधिविधान विपरीत मनोमानि ढंगले व्यक्तिगत स्वार्थमा लागि सिंगो संगठनलाई बन्धक बनाइनु ने.वि.संघमा आवद्ध देशैभरिका साथीहरुको भावनामाथिको ठाडो प्रहार मात्र नभइ नेपालको सिँङ्गो विद्याथी आन्दोलनको इतिहासमाथिको कुठाराघात भएको हामी केन्द्रीय समितिका सदस्यहरु ठहर गर्दछौ । वर्तमान ने.वि.संघ नेतृत्वको गतिविधिले संघको विधिविधानलाई तिलाञ्जलि दिने, सिँगो संगठनको गरिमालाई धमिल्याउने र संगठनको अस्तित्व कोमामा पुग्ने परिस्थिति निर्माण भइरहेको प्रति हामी केन्द्रीय कार्यसमितिका जिम्मेवार सदस्यहरुको गम्भीर चिन्ता सहित ध्यानाकर्षण भएको छ।

नेपाल विद्याथी संघको गरिमालाई सधैव जीवित राख्ने, विद्याथीका हकहित, शिक्षा प्रणालीको सुधार र समयानुकुल विकास सँगै शिक्षालाई सिप सँग, सिपलाई रोजगारि सँग, रोजगारिलाई आयआर्जन,उत्पादन सँग जोड्ने राज्यको निति वनाउन खवरदारि गर्ने, समाजका ज्वलन्त मुद्धामा ने.वि.संघलाई केन्द्रित गराउँदै संघका गतिविधिलाई विधिविधान वमोजिम सञ्चालन गर्दै संघको १२औं महाधिवेशन सम्पन्न गर्ने जिम्मेवारी हाम्रा अगाडि छन् ।

हाम्रा जिम्मेवारीवाट रत्तीभर पनि विमुख नभइ प्रजातान्त्रिक समाजवादको मूल सिद्धान्तलाई अङ्गिकार गर्दै सदैव विद्याथी हकहित, सामाजिकन्याय र राष्ट्रियताको रक्षाकालागि शतिशालभैं उभिएर स्वर्णिम इतिहासलाई धमिल्याउन उद्धत नेपाल विद्याथी संघको वर्तमान नेतृत्वका गतिविधि प्रति गम्भीर ध्यानाकर्षण सहित ने.वि.संघको गरिमा र विधिविधानको रक्षाका लागि हामी नेपाल विद्याथी संघका जिम्मेवार केन्द्रीय सदस्यहरुको वैठकवाट सर्वसम्मत रूपमा तपशील वमोजिमका निर्णहरु गर्दछौं ।

१) नेपाल विद्याथी संघको विधिविधान विपरित वर्तमान ने.वि.संघ अध्यक्षले देशभरका विभिन्न जिल्लामा अध्यक्षको जिम्मेवारी दिइएको व्यहोरामा पठाएका पत्र र क्याम्पसमा इकाई अध्यक्षको जिम्मेवारी दिइएको व्यहोरामा पठाएका पत्र सवै खारेज गरिएको निर्णय गर्दछौं ।

P.O. Box : 7726, Anamnagar,Kathmandu,Nepal
Tel./Fax: +977-01-4425941, E-mail: info@nsu.org.np
www.nsu.org.np

२) देशभरका जिल्ला, विश्वविद्यालय र आँगिक क्याम्पसहरुमा तत्काल संगठन भित्रको आन्तरिक सहमतिका आधारमा केन्द्रीय समिति सदस्यहरुलाई प्रतिनिधि पठाएर विधिवत क्याम्पस, विश्वविद्यालय र जिल्ला अधिवेशनको वातावरण बनाउन ने.वि.संघ केन्द्रीय अध्यक्षको ध्यानाकर्षण गराउने र विधिवत अधिवेशनका लागि निरन्तर दवाव दिने गराउने निर्णय गर्दछौं ।

३) ने.वि.संघ केन्द्रीय अध्यक्षका अवैधानिक एवम् व्यक्तिगत स्वार्थमा लिप्त भएर गरिएका मनोमानीपूर्ण गतिविधि १२औं महाधिवेशन सम्पन्न गर्नतर्फ भन्दा तदर्थवाद बाटै पद टिकाइराख्ने र सिंगो संगठनको गरिमालाई धमिल्याइ ने.वि.संघको अस्तित्व नै संकटमा पार्नतर्फ उन्मुख देखिन्छन् । तत्काल संगठनको गरिमा बचाउने र विधानसम्मत संघलाई संचालन गर्नतर्फ जिम्मेवार बन्न चेतावनी सहित १२औं महधिवेशन सम्पन्न गर्नका लागि तपशीलका आवश्यक कामहरु आन्तरिक सहमतिमा तत्काल सुचारु गर्न ध्यानाकर्षण गराउने निर्णय गर्दछौ ।

क) ने.वि.संघको विधानले निर्दिष्ट गरे बमोजिम कार्यसम्पादन समिति र विभागहरू तत्काल गठन गनुपर्ने ।

ख) विधानमस्यौदा समिति, अनुसासन समिति, महाधिवेशन तयारी समिति लगायतका आवश्यक समितिहरू तत्काल बनाइनुपर्ने साथै देशैभरका जिल्ला र क्याम्पसहरूमा ने.वि.संघको सदस्यता वितरण अभियान तुरुन्त सुचारु गनुपर्ने ।

ग) सबै जिल्ला र देशभरका विश्वविद्यालय तथा आंगिक क्याम्पसहरुमा आन्तरिक सहमतिका आधारमा केन्द्रीय प्रतिनिधिहरु पठाएर विधिवत क्यामपस, जिल्ला अधिवेशन हुने वातावरण निर्माण गर्ने गरी तत्काल प्रक्रिया सुचारु गनुपर्ने ।

४) ने.वि.संघका नाममा सवै केन्द्रिय सदस्यहरु र विभिन्न ठाउँवाट भुकम्प प्रभावित क्षेत्रमा राहात,उद्धार कार्यका लागि संकलन गरिऐको रकमको वैंक स्टेटमेन्ट सहित आर्थिक प्रतिवेदन सार्वजनिक गनुपर्ने निर्णय गर्दछौ ।

५) एनसेल काण्ड, सुन काण्ड जस्ता भ्रष्टाचार तथा बलात्कार, छुवाछुत लगायतका अन्याय,सामाजिक विभेद, अनियमितता र कालोबजारीका घटनाहरूको सत्यतथ्य छानविन गरी दोषीलाई तत्काल कानुनी कारबाहीको दायरमा ल्याउन नेपाल सरकार समक्ष जोडदार माग गर्ने र ने.वि.संघ भ्रष्टाचार एवम् अनियमितता विरुद्ध सशक्त रूपमा निरन्तर सडक आन्दोलनमा केन्द्रित रहने निर्णय गर्दछौं ।

६) विश्वविद्यालयहरुमा भइरहेको राजनीतिक भागबन्डा अन्त्य गरी समग्र मुलुकको शिक्षा प्रणालीको सुधार र विकासकालागि प्राज्ञिक दक्षताका आधारमा त्रिभुवन विश्वविद्यालय लगायत सबै विश्वविद्यालयहरूमा पदाधिकारी नियुक्त गर्ने नीतिगत व्यवस्था गर्न सरकार समक्ष जोडदार माग गर्दै मेरिटोक्रेसि, प्राज्ञिक दक्षता र क्षमताका आधारमा खुल्ला प्रतिस्पर्धाबाट विश्वविद्यालयहरूमा उपकुलपति लगायतका पदाधिकारी नियुक्त गर्न दबाब दिन ने.वि.संघको नेतृत्वमा विद्याथीमाझ गई केन्द्रीय समितिका सदस्यहरुको उपस्थितिमा निरन्तर क्याम्पसहरुमा सार्वजनिक वहस चलाउने तथा सडक वहस,आन्दोलन गर्ने निर्णय गर्दछौं ।

७) सामाजिक सद्भाव भड्काउने र संविधानले व्यवस्था गरेको धार्मिक स्वतन्त्रताको अधिकार माथि प्रहार गर्ने गैरजिम्मेवार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीको राजीनामा माग्ने निर्णय गर्दछौं ।

८) कास्की जिल्लामा गैरजिम्मेवार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीको राजीनामाको माग सहित आन्दोलनरत पृथ्वीनारायण क्याम्पस ने.वि.संघका साथीहरुमाथि प्रहरीद्वारा गरिएको दमनको घोर निन्दा सहित भर्त्सना गर्दछौं । आन्दोलनका क्रममा प्रहरी दमनवाट घाइते हुनुभएको ने.वि.संघ नेता एवं नेपाल मगर विद्याथी संघ गण्डकी प्रदेशका अध्यक्ष डेक पुनको शीघ्र स्वास्थ्यलाभको कामना सहित नेता पुनको निशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न सरकार समक्ष माग गर्दै दोषी प्रहरी उपर छानबिन गरी कानुनी कारवाहीको दायरमा ल्याउन नेपाल सरकार, गृहमन्त्रालय समक्ष माग गर्ने निर्णय गर्दछौं ।

९) क्याम्पस तथा विश्वविद्यालयहरुमा अराजक, अनैतिक र अमर्यादित गतिविधि हुन नदिन ने.वि.संघ केन्द्रीय समिति सदैव प्रतिबद्ध रहने र क्याम्पस तथा विश्वविद्यालयहरुलाई तालाबन्दीमुक्त गराउँदै नितान्त शैक्षिक सुधार र विकास, विद्याथी हकहितका मुद्धामा ने.वि.संघलाई केन्द्रित गराउन प्रतिबद्ध रहने निर्णय गर्दछौं ।

P.O. Box : 7726, Anamnagar,Kathmandu,Nepal
Tel./Fax: +977-01-4425941, E-mail: info@nsu.org.np
www.nsu.org.np

★ राष्ट्रियता Nationality ★ लोकतन्त्र Democracy ★ समाजवाद Socialism ★ विद्यार्थी एकता Student's Unity

# नेपाल विद्यार्थी संघ
# NEPAL STUDENTS' UNION

(२०२७ (1970)
केन्द्रीय कार्यालय काठमाण्डौ
Central Office, kathmandu

Ref. No:

१०) २०७९ सालमा सम्पन्न स्थानीय,प्रदेश र संघको निर्वाचनको अन्तिम मत परिणाम सार्वजनिक भएको ३ महिना भित्र ने.वि.संघको १२औं महाधिवेशन सम्पन्न गर्ने गरी ने.वि.संघ अध्यक्षको जिम्मेवारी तोकिऐका दुजाङ शेर्पाज्यूले महाधिवेशन उन्मुख गतिविधिबाट विमुखभई संगठन भित्र विवाद र द्वन्द सिर्जना गर्ने गतिविधिमा मात्रै उन्मुख भएको हुनाले तत्काल १२औं महाधिवेशन सम्पन्न गर्नका लागि जिम्मेवार भएर गतिविधि अगाडि बढाउन र संगठन भित्रका विवाद सामाधान गरी एकता र सहमतिको वातावरण निर्माण गर्नका लागि निर्देशन जारी गर्न नेपालीकाँग्रेस पार्टि सभापति, पदाधिकारी र सिँगो पाटी केन्द्रीय समितिलाई ध्यानाकर्षण गराउने निर्णय गर्दछौं ।

११) ने.वि.संघको आधिकारिक प्रतिनिधित्व गर्दै राष्ट्रिय, अन्तराष्ट्रिय फोरमका कार्यक्रमहरुमा सहभागि हुनजाने प्रतिनिधि चयन गर्दा ने.वि.संघ अध्यक्षले गरेको गुटगत व्यवहार, मनोमानि गतिवधि संगठनभित्रका आन्तरिक एकता,संगठनको प्रतिष्ठा र गरिमा विपरित भएकोले राष्ट्रिय, अन्तराष्ट्रिय फोरममा ने.वि.संघको प्रतिनिधित्व गर्न जाने प्रतिनिधिको विषयमा केन्द्रिय समितिभित्र छलफल गरि सहमतिका आधारमा चयन गरिनुपर्ने र व्यक्ति विशेषले संगठनको आधिबारि इमेलहरु प्रयोग गरि अन्तराष्ट्रिय फोरमका कार्यक्रमहरुमा सहभागि हुन आर्थिक लेनदेन,हिनामिना भइरहेको आम साथिहरुवाट आएको गुनासाप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । राष्ट्रिय, अन्तराष्ट्रिय फोरमका कार्यक्रमहरुमा सहभागि भए पश्चात प्रतिवेदन सार्वनजिक गर्नुपर्ने र प्रतिनिधि पठाउने प्रक्रिया पूर्ण पारदर्शि वनाउन अध्यक्षको गम्भिर ध्यानाकर्षण गराउने निर्णय गर्दछौं ।

१२) ने.वि.संघका केन्द्रीय अध्यक्षले पार्टिका जिम्मेवार पदाधिकारि, शिर्ष नेताहरु, सभापति सँग संघका गतिविधि र महाधिवेशनका सन्दर्भमा गर्नुपर्ने आवश्यक सरसल्लाह गर्ने कुरामा गुटगट स्वार्थलाई मात्रै केन्द्रमा राखेर भइरहेका गतिविधि रोक्न ध्यानाकर्षण गराउदै पाटिका सवै पक्षसँग समन्वय गर्नुपर्ने निर्णय गर्दछौं ।

१३) ने.वि.संघका केन्द्रीय अध्यक्षलाई संघको विधिविधान भित्र रहेर १ महिनाभित्र देशभरिका जिल्ला, क्याम्पसहरुमा रहेको संगठन भित्रको विवाद सामाधानका लागि आन्तरिक एकता, सहमति, सहकार्य र सहअस्तित्वमा जोड दिई वार्ता र छलफलको वातावरण वनाउदै संघको १२औं महाधिवेशन सम्पन्न गर्नका लागि जिम्मेवार बन्न ध्यानाकर्षण गराउदछौं ।

१४) स्थानिय, प्रदेश र संघ तिनै तहको सरकारमा नेपाली काँग्रेसवाट प्रतिनिधित्व गर्ने सम्पुर्ण जनप्रतिनिधिहरुलाई जनता र राष्ट्र प्रति जवाफदेहि तथा उत्तरदायि भई शुसासन, भ्रष्टाचारमुक्त समाज निर्माणका पक्षमा कार्यसम्पादन गर्न गराउन आग्रह गर्दछौं ।

P.O. Box : 7726, Anamnagar,Kathmandu,Nepal
Tel./Fax: +977-01-4425941, E-mail: info@nsu.org.np
www.nsu.org.np

★ राष्ट्रियता Nationality ★ लोकतन्त्र Democracy ★ समाजवाद Socialism ★ विद्यार्थी एकता Student's Unity

# नेपाल विद्यार्थी संघ
# NEPAL STUDENTS' UNION

(स्थापना २०२७ ... 1970)
केन्द्रीय कार्यालय, काठमाण्डौ
Central Office, kathmandu

Ref. No:

अन्तयमा, संगठनको गरिमा, विधिविधानको रक्षा गर्दै सुदृढ, शसक्त र रुपान्तरित ने.वि.संघ निर्माणका लागि आन्तरिक एकता, सहमति, सहकार्य र सहअस्तित्वका लागि हामी केन्द्रीय तदर्थ कार्यसमितिका सदस्यहरु सदैव तयार रहनेछौं ।

जय नेपाल !

संस्थापन इतर समुहका

ने.वि.संघ केन्द्रीय तदर्थ कार्यसमितिका सम्पुर्ण सदस्यहरु

P.O. Box : 7726, Anamnagar,Kathmandu,Nepal
Tel./Fax: +977-01-4425941, E-mail: info@nsu.org.np
www.nsu.org.np